# पूर्वाञ्चल विश्वविद्यालय
## इञ्जिनियरिङ्ग संकाय
विराटनगर, नेपाल

प.सं./च.नं.: १०३-०८३/०८४ मिति: २०८३/०५/२९

श्री डाइरेक्टर/प्राचार्य/क्याम्पस तथा कलेज प्रमुखज्यू,
इञ्जिनियरिङ्ग संकाय अन्तर्गत सञ्चालित सम्पूर्ण स्कूल/कलेज/क्याम्पसहरु ।

**विषय :-प्रवेश परीक्षाको आरक्षित छात्रवृत्ति तर्फको सूची प्रकाशित गरिएको सम्बन्धमा ।**

पूर्वाञ्चल विश्वविद्यालय इञ्जिनियरिङ्ग संकाय अन्तर्गत सञ्चालित स्नातक तहको BE र B. Arch. शैक्षिक कार्यक्रमहरुको शैक्षिक सत्र ०८३/०८४ (सन् २०२६ समुह) का लागि सम्पन्न भएको प्रवेश परीक्षाको नतिजा योग्यताक्रम सूची (Merit List) अनुसार प्रकाशित भइसकेको व्यहोरा विदितै छ । उक्त योग्यताक्रम सूची (Merit List) मा नाम रहेका र **"पू. वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२"** मा व्यवस्था भए बमोजिम आरक्षित छात्रवृत्तिका लागि आवेदन दिएका उम्मेदवारहरुको नियमानुसार प्राप्त कागजातहरुको मूल्याङ्कन पश्चात आरक्षित छात्रवृत्ति तर्फको नतिजा योग्यताक्रम सूची (Merit List) अनुसार प्रकाशित गरिएको छ । स्कूल/क्याम्पस/कलेजहरुले संलग्न योग्यताक्रम सूची (Merit List) अनुसार विश्वविद्यालयद्वारा तोकिएको भर्ना संख्या (कोटा) का आधारमा आरक्षित तर्फको ५ प्रतिशत छात्रवृत्ति सिटमा उत्तीर्ण भएका आवेदकहरुलाई उक्त कार्यविधिमा तोकिएको शैक्षिक मापदण्ड अनुसारका शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्र एवं कागजातहरु बुझीलिई मिति २०८३/०६/०६ गतेसम्म विद्यार्थी भर्ना गरी विद्यार्थीहरुको सम्बन्धित शैक्षिक कार्यक्रम अनुसारको विवरण खुलाई इञ्जिनियरिङ्ग संकाय डीनको कार्यालयमा मिति २०८३/०६/०७ गतेभित्र अनिवार्य लिखित जानकारी गराउनु हुन यसै सुचना मार्फत सूचित गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको मापदण्ड पूरा नगरी विद्यार्थी भर्ना भए/गरे/ गराएमा स्वयं विद्यार्थी र सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरु जबाफदेही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**द्रष्टव्य(Note):**

१. छात्रवृत्तिमा छनौट भएमा विद्यार्थी भर्ना गर्दा "पू. वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" को परिच्छेद ३ को दफा १२ को उपदफा १२.५ मा भएको व्यवस्थाका लागि संलग्न बमोजिमको अनुसूचि ३ को कबुलियतनामा अनिवार्यरुपमा गराउनुपर्ने छ । ( कबुलियतनामाका साथै निज विद्यार्थीले भर्नाको समयमा बुझाएका शैक्षिक प्रमाणपत्र लगायतका अन्य कागजात अनिवार्यरुपमा डीन कार्यालयमा पठाउनुपर्ने छ ।)

२. "पू. वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" बमोजिम आरक्षित छात्रवृत्तिको सूची प्रकाशित नभएको भन्ने लागेमा र कसैको दाबी बिरोध भएमा मिति २०८३/०६/०६ गते कार्यालय समयभित्र पू. वि. इञ्जिनियरिङ्ग संकाय डीनको कार्यालयमा निवेदन दिन सकिने छ र प्रकाशित आरक्षित सूचीमा प्राप्त दाबी बिरोधमा डीन कार्यालयबाट अध्ययन र मूल्याङ्कन गर्दा नियमानुसार सच्याउनुपर्ने उचित कारण देखिएमा पूनः संशोधित आरक्षित छात्रवृत्ति सूची प्रकाशित गरिने छ अन्यथा यहि प्रकाशित सूची नै अन्तिम मानिने छ ।

३. "पू. वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" बमोजिम आरक्षित छात्रवृत्तिको कोटा खाली हुन गएमा पूनः प्रवेश परीक्षाबाट भर्ना भएका विद्यार्थीले पनि पछि आवेदन दिन सक्नेछन् ।

४. कुनै कारणवश पूनः प्रवेश परीक्षाबाट भर्ना भएका मध्येबाट पनि आरक्षित छात्रवृत्ति कोटा खालि रहन गएमा उक्त छात्रवृत्ति कोटा जेहेन्दार छात्रवृत्तिमा समावेश हुनेछ ।

५. स्कूल/क्याम्पस/कलेजहरुले "पू. वि. प्रवेश परीक्षा, छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२" को परिच्छेद २ को दफा ११ बमोजिम छात्रवृत्ति अनिवार्य दिनु पर्ने हुँदा सोही अनुसार आ-आफ्ना विद्यार्थीहरुलाई सूचित गर्नु/गराउनु अनुरोध छ ।

६. प्रकाशित नतिजामा भुलबस कुनै त्रुटि हुन गएमा सच्याउने अधिकार यस समितिमा सुरक्षित रहनेछ ।

( ई. देव लाल यादव )
डीन
एवं
संयोजक प्रवेश परीक्षा समिति २०८३

**बोधार्थ**
(१) श्रीमान् उपकुलपतिज्यू, गोठगाउँ, मोरङ्ग ।
(२) श्रीमान् रजिष्ट्रारज्यू, गोठगाउँ, मोरङ्ग ।
(३) श्री पू. वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगर ।



CamScanner

# पूर्वाञ्चल विश्वविद्यालय

इञ्जिनियरिङ्ग संकाय छात्रवृत्ति छनौट समिति २०८३

**आरक्षित छात्रवृत्ति नतिजा (MERIT LIST) -2026**

**EASTERN COLLEGE OF ENGINEERING, BIRATNAGAR**

**PROGRAM: BACHELOR IN CIVIL ENGINEERING**

| S.N. | NAME | ROLL NUMBER | RANK |
|---|---|---|---|
| 1 | NISHA CHAUDHARY | 2631122 | 1 |
| 2 | ROSHAN KUMAR RAJBANSHI | 2630685 | 2 |
| 3 | SHIV KUMAR SARDAR BATAR | 2630243 | 3 |

CamScanner

# पूर्वाञ्चल विश्वविद्यालय

इञ्जिनियरिङ्ग संकाय छात्रवृत्ति छनौट समिति २०८३

**आरक्षित छात्रवृत्ति नतिजा (MERIT LIST) -2026**

**EASTERN COLLEGE OF ENGINEERING, BIRATNAGAR**

**PROGRAM: BACHELOR IN COMPUTER ENGINEERING**

| S.N. | NAME | ROLL NUMBER | RANK |
|---|---|---|---|
| 1 | JENISH SHRESTHA | 2640628 | 1 |

CamScanner